# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## गभर्नर - आई.एम.एफ. प्रतिनिधि भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग अन्तर्राष्ट्रिय मुद्रा कोषको Staff Visit अन्तर्गत एक प्रतिनिधिमण्डलले असोज १० गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा भेट गर्‍यो ।



भेटमा उहाँहरूबीच नेपालको अर्थतन्त्रका विविध विषयहरू सरकारी वित्त (Fiscal) अवस्था, वित्तीय क्षेत्र स्थायित्व, मूल्यस्थिति, विनिमयदर, वित्तीय क्षेत्र सुधार, सम्पत्ति शुद्धीकरण लगायतका बहुपक्षीय विषयमा छलफल भएको थियो । भेटमा गभर्नर डा. खतिवडाले नेपालको अर्थतन्त्रबारे सङ्क्षिप्त प्रकाश पार्दै भारतीय मुद्रा कमजोर हुन गएका कारण अमेरिकी डलरसँग नेपाली रुपैयाको विनिमयदरमा परेको प्रभाव क्रमश: न्यूनीकरण हुँदै गएको तथा यस विषयलाई बैंकले नजिकबाट अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

साथै, गभर्नर खतिवडाले सम्पत्ति शुद्धीकरण र आतङ्ककारी गतिविधिमा लगानी सम्बन्धी विषय पारस्पारिक चासोको विषय रहेको बताउनु हुँदै यस सम्बन्धमा नेपालले आफ्ना गतिविधिका बारेमा अन्तर्राष्ट्रिय जगत्मा अद्यावधिक जानकारी गराइएको स्पष्ट पार्नुभयो ।

उहाँले नेपालका दुईवटा ठूला सरकारी वाणिज्य बैंकको सुधार सन्तोषजनक रहेको जानकारी दिनुभयो । उहाँले विप्रेषणको आप्रवाहबाट तरलतामा भएको अभिवृद्धिले मुद्राबजारमा केही उतारचढाव आइरहेको चर्चा गर्दै बैंकले खुलाबजार कारोबार मार्फत सो उतारचढावलाई व्यवस्थापन गरिरहेको स्पष्ट पार्नुभयो । उहाँले व्याजदरलाई निश्चित दायरामा कायम राख्न उपयुक्त कदम चालिने कुरा उल्लेख गर्नुका साथै व्याजदर करिडोर कार्यान्वयनमा ल्याउन चुनौतीपूर्ण रहेको चर्चा गर्दै अन्य समष्टिगत आर्थिक परिसूचकहरू सन्तोषजनक रहेको जानकारी दिनुभयो ।

भेटमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

२०७० असोज १० गते, बिहिवार

गभर्नरको कार्यालय